# रिसाइकल र फोहोर अलग र डिस्पोज गर्ने तरिका

◆ कृपया आफ्नो फोहोर वस्तुहरू सङ्कलनको दिन **बिहान 8:30 बजेसम्म** बाहिर राख्नुहोस्। **अघिल्लो दिन वा मध्यरात अघि नराख्नुहोस्।**

थप डवस्तृत जार्नकाीको लाडग, **फोहोसामिग्री छुट्याउर्ने गाइबुिक** वा फोहोो छुट्याउर्ने एप्लिकेसर्न さんあ～る हेर्नुषहोस्।

फोहोसामग्री छुट्याउर्ने एप्लिकेसर्न さんあ～る®

Download on the App Store / GET IT ON Google Play




फोहोो फाल्न डनरि्ध क्षेत्र र्नारिता सहि


Narita City

**फोहोसामग्री छुट्याउर्न ािटिाउर्न सहयोगको लाडग अर्नुंाधि गिषछ ौं।**

## रिसाइकल योग्य वस्तु

### प्लास्टिक कन्टेर्नर प्याकेडङ्ग (प्लास्टिक चिन्ह भएको)

हरेक हप्ता ◯ बार





सेतोरंगको तोकिएको झोला साइज (ठूलो)

- सामानको बाहिरी झोला
- (डिस्पोजेबल) किनमेल झोला
- अण्डा, फल आदि को प्याक
- जेली, लंच बक्स, तयार खाना, आदि को लागि कन्टेनर
- प्लास्टिक बिर्को
- स्टाइरोफोम बक्स, कुशनिंग सामग्री आदि
- प्लास्टिक चिन्ह नभएका प्लास्टिकजन्य वस्तुहरूलाई **जलाउन सकिने फोहोरमा** फाल्नुपर्छ

※फोहोर वा चिल्लो वस्तुहरू फ्याँक्नु अघि सफा गर्नुपर्छ
※कृपया योग्य वस्तुहरू सिधै तोकिएका झोलाहरूमा राख्नुहोस्, प्लास्टिकको झोला वा अन्य साना झोलाहरूमा होइन

**निश्चित नभएको बिन्दु मा!**
- चिन्ह लगाइएका वस्तुहरू
- प्लास्टिक "कन्टेनरहरू" वा "प्याकेजिङ" जुन उत्पादनबाट अलग गर्दा आवश्यक पर्दैन
- गन्ध र दाग रहित वस्तुहरू




### पेट बोतल

PET

हरेक महिना ◯.◯ पटक ◯ बार




सुन्तला रंगको तोकिएको झोला साइज (अतिरिक्त-ठूलो र ठूलो)

- पेय पदार्थ (जूस, चिया, आदि को कन्टेनर)
- मादक पेय पदार्थहरूका लागि (शोचुका कन्टेनरहरू आदि)
- सिजनहरूका लागि (कन्टेनरहरू जसमा सिजनहरू जस्तै सोया सस, मिरिन र त्सुयु समावेश थिए)

※फाल्न योग्य बस्तु भए तापनि, **यदि फोहोर वा तेल धुन सकिँदैन भने**, कृपया यसलाई **जलाउन सकिने फोहोरमा** फाल्नुहोस्।

① बिर्को र लेबलहरू हटाउनु पर्छ।
※प्लास्टिकको बिर्को र लेबलहरू → प्लास्टिक कन्टेनर र प्याकेजिङमा
※पेपर लेबलहरू → विविध कागजमा
② भित्रको सामग्री हटाउनुहोस् र हल्का भित्र धुनुहोस्।
③ सकेसम्म क्रश गर्नुहोस्।




(सेल्फ डेलिभरीको लागि) नारिता सिटी रिसाइकल प्लाजामा

### कागज उत्पादनहरू

(अखबार, पत्रिका, कार्डबोर्ड, कागजको डिब्बा, विविध कागज)

हरेक महिना ◯.◯ पटक ◯ बार

फोहोरको प्रकारका आधारमा सङ्कलन गर्न विभिन्न सवारी साधनहरू प्रयोग हुन सक्छन।

- प्रत्येक प्रकारलाई एकसाथ समूहबद्ध गरि प्लास्टिक वा कागजको डोरीले क्रिसक्रस ढाँचामा बाँध्नु पर्छ।

※सङ्कलन वर्षाको दिनमा पनि हुन्छ।
※तिनीहरूलाई प्लास्टिकको झोलामा नराख्नुहोस्। टुक्रा पारिएका कागज सफा प्लास्टिकको झोलामा राख्न सकिन्छ।

- अखबारहरू (पर्चाहरू सहित)
- पत्रिकाहरू (साप्ताहिक पत्रिकाहरू, मोनोग्राफहरू, पेपरब्याकहरू, हास्य पुस्तकहरू, र अन्य मुद्रित सामग्रीहरू)
- कार्डबोर्ड ※यसलाई कुचाउनुहोस्।
- कागजको प्याक(दुधको प्याक, जुसको प्याक, आदि)
- विविध कागज (रेपिङ पेपर, खाम, क्यान्डी बक्स, टिस्यु बक्स, ट्वाइलेट पेपर र प्लास्टिक र्याप कोर, सिगरेट प्याकेज, टुक्रा टुक्रा कागज आदि)

※प्लास्टिक र धातु फिटिंग भागहरू हटाउनुहोस्।







(सेल्फ डेलिभरीको लागि) नारिता सिटी रिसाइकल प्लाजामा

### लुगा र लत्ता कपडा


कागज सङ्कलन दिनहरू

- कृपया फोहोर लाइ वर्षाको पानी भिज्नुबाट जोगाउन पारदर्शी प्लास्टिक झोलामा राख्नुहोस्।

- सूट, जम्पर, स्वेटर, किमोनो
- लुगाहरू, शर्टहरू, ब्लाउजहरू, टी-शर्टहरू
- प्यान्ट, स्कर्ट
- मफलर, स्कार्फ
- रुमाल, तौलिया
- कम्बल, पाना, आदि।

※धोएर सुकेका बस्तु मात्रै।
※कृपया छालाको बेल्ट, प्लास्टिक बेल्ट, ब्याजहरू, आदि हटाउनुहोस्।

**सङ्कलन गर्न नसकिने लुगा या लत्ता कपडाहरू**
कृपया जलाउन सकिने फोहोरमा फल्नुहोस।
(तोकिएको झोलामा नअट्ने बस्तु हरु ठुला फोहोर हुन्)
- कपास वा कुसनिङ सामग्री (जस्तै गद्दा, कुशन, भरिएका खेलौनाहरू, आदि) समावेश गरिएका वस्तुहरू
- फेदर वस्तुहरू (जस्तै, डाउन कम्फर्टर, डाउन ज्याकेटहरू)
- गैर-शोषक वस्तुहरू (ऊन, मोजा, टाइट्स, लेसी कपडा, आदि)
- बाक्लो कपडा (कार्पेट, म्याट, कार्पेट, ब्ल्याकआउट पर्दा, आदि)




(सेल्फ डेलिभरीको लागि) नारिता सिटी रिसाइकल प्लाजामा

### बोतल . क्यान


हरेक महिना ◯.◯ पटक ◯ बार




तोकिएको रातो झोला साइज (ठूलो/सानो)

- बोतलहरू (जूसका बोतलहरू, रक्सीका बोतलहरू, 1.8L बोतलहरू, बियरका बोतलहरू, जामका बोतलहरू, कस्मेटिकका बोतलहरू, औषधिका बोतलहरू, आदि)
- क्यानहरू ( एल्युमिनियमको क्यान, १ लिटरसम्म क्षमता भएको स्टिलको क्यान आदि)

- कृपया बिर्को हटाउनुहोस्।
  ※प्लास्टिकका वस्तुहरू प्लास्टिक कन्टेनर र प्याकेजिङमा, अनि धातुका वस्तुहरू धातु/सेरामिक/ सिसा प्रकारमा
- भित्र भएको बस्तु निकाल्नुहोस र भित्र हल्का सफा गर्नुहोस्।
- कृपया खाली क्यासेट ग्यास सिलिन्डर र स्प्रे क्यानहरू धातु/सेरामिक/ सिसा प्रकारको झोलामा राख्नुहोस्।




(सेल्फ डेलिभरीको लागि) नारिता सिटी रिसाइकल प्लाजामा

### धातु बस्तु, सेरामिक र सिसा प्रकार

हरेक महिना ◯.◯ पटक ◯ बार




तोकिएको पहेंलो झोला साइज (ठूलो/सानो)

- धातु बस्तु (धातुका उत्पादनहरू, छाताहरू, स्प्रे क्यान, क्यासेट ग्यास सिलिन्डर, धुलो दूधको क्यान, १ लिटरभन्दा बढी क्षमताको क्यान, कटलरी, तातोब नाउने कार्पेट, विद्युतीय कम्बल र धातु भएका अन्य वस्तुहरू)
- सेरामिक (चिया कप, प्लेट, फ्लावरपोट, आदि)
- सिसाका भाँडाहरू (फ्लैट गिलास, ऐना, चश्मा, फल रक्सीका बोतलहरू, आदि)
- साना घरेलु उपकरणहरू

- क्यासेट सिलिन्डर, स्प्रे क्यान र डिस्पोजेबल लाइटरको फोहोर सामग्रीहरू **पूर्णरुपमा प्रयोग गर्नुहोस।**





(सेल्फ डेलिभरीको लागि) नारिता सिटी रिसाइकल प्लाजामा

### खतरनाक फोहोर

धातु, सेरामिक, सिसाका सामान सङ्कलन गर्ने दिन

- ब्याट्रीहरू, आदि डिस्पोज गर्नको लागि भित्र देखिने **पारदर्शी प्लास्टिकको झोला प्रयोग गर्नुहोस्** ।
- फ्लोरोसेन्ट ट्युब र लाइट बल्बहरू अखबार इत्यादिमा बेरेर पारदर्शी झोलामा राख्नुहोस्, वा **फुट्न नदिन** को लागि लागि खरिद गर्दाको ट्युब वा बक्समा राख्नुहोस्।

- सुख्खा ब्याट्री, थर्मोमिटर (पारा), थर्मोमिटर (पारा), इन्क्यान्डेसेन्ट बत्ती, फ्लोरोसेन्ट ट्यूब (१.२ मिटर भित्र), एलईडी बत्ती बल्ब
- कृपया खतरनाक फोहोरहरूलाई, धातु ・सेरामिक・ सिसाका तोकिएका झोलाहरूमा नराख्नुहोस्।
- कृपया रिचार्जेबल ब्याट्रीहरू JBRC को **"रिसाईकल सहयोगी पसल"** मा लैजानु होस्।




(सेल्फ डेलिभरीको लागि) नारिता सिटी रिसाइकल प्लाजामा


## जलाउन सकिने फोहोर

हरेक हप्ताको ◯.◯ बार




तोकिएको नीलो झोला आकार (अतिरिक्त-ठूलो, ठूलो, सानो)

- भान्साको फोहोर (कृपया पानी राम्रो संग सुकाउनुहोस् )
- पुन प्रयोग गर्न नमिल्ने कागज र लुगा/कपडा
  ※समाचारपत्र, पत्रपत्रिका, विविध पत्रपत्रिका आदि जलाउन सकिने फोहोरमा पर्दैनन्। कृपया कागज, लुगा/कपडाहरूको लागि छुट्याईएको सङ्कलन दिनमा फाल्नु होस्।
- छाला फोहोर (बकल्स जस्ता धातुका भागहरू हटाउनुहोस्), रबर फोहोर
- प्लास्टिक चिन्ह र पेट बोतलहरू जुन फोहोर या तेल फोहोर धुन नसकिने वस्तुहरू
- प्लास्टिक चिन्ह बिनाको प्लास्टिक झोला
- घाँस र पातहरू (जरामा जोडिएको माटो राम्रोसँग हटाउनुहोस्)
- रुखका हाँगाहरू (**५ सेन्टिमिटरभन्दा कम मोटाई** र **५० सेन्टिमिटरभन्दा कम लम्बाइमा** काट्नुहोस्, **३० सेन्टिमिटरभन्दा कम मोटाईमा** बाँधेर झोलामा नराखि फाल्नुहोस्। यद्यपि, प्रति घरपरिवार ४ बन्डलमा सीमित गर्नुहोस्।
  ※कृपया यसलाई कार्डबोर्ड बक्समा नराख्नुहोस्।



## ठूलो फोहोर

**पूर्व दर्ता आवश्यक**

तोकिएको झोलामा नअटाउने धैरै ठूला वस्तुहरू

कृपया दायाँमा रहेको कुनै एक विधिद्वारा प्रशोधन गर्नुहोस्

- **ठूलो फोहोरको लागि आवेदन दिन,**

**☎36-1689**

नारिता तोमिसातो इजुमी सेइसो संकलन केन्द्र
रिसेप्शन समय: बिहान 8:30 देखि 5:15 बजे सम्म

शनिबार, आइतवार, सार्वजनिक बिदा, डिसेम्बर 29 देखि जनवरी 3 सम्म बिदा

※प्रति परिवारको लागि **1 पटकमा 3 वस्तुहरू** सम्म आवेदन गर्न सकिन्छ।
※कतिपय जिल्लाहरूमा आवेदन दिन सकिने घरपरिवारको सङ्ख्याको सीमा छ।

- **सेल्फ-डिलिभरी** (सेल्फ-डिलिभरीको अर्थ आफ्नो फोहोर आफैंले सहरको डिस्पोजल सङ्कलन केन्द्रमा लैजानु हो।)

जलाउन सकिने फोहोरको लागि: नारिता तोमिसातो इजुमी सेइसो संकलन केन्द्र ............ ☎ 36-1689
पुन प्रयोग गर्न मिल्ने (जलाउन सकिने फोहोर बाहेक): नारितासि रिसाइकल प्लाजा ............ ☎ 36-1000

नारितासी कोइजुमी ३४४-1　डेलिभरी रिसेप्शन समय: बिहान 8:30 बजे देखि～दिउँसो, दिउँसो1:00 बजे देखि～4:30 बजे सम्म / **आइतबार बिदा**

※ वर्षको अन्त्यमा वा कोठाहरू सर्ने सिजनमा धेरै भीडभाड हुने भएकोले,कृपया रिसेप्शन बन्द हुनुभन्दा ३० मिनेट अघि आउनुहोस्।
※यदि एक भन्दा धेरै साना ट्रकमा ठूलो मात्रामा फोहोर लैजादै हुनुहुन्छ भने, कृपया फोहोर लिने संस्था लाई अग्रिममा सम्पर्क गर्नुहोला।
※ **रूखका हाँगा आ**दिको लागि, **2 मिटरभन्दा कम लम्बाइ र 20 सेन्टिमिटर भन्दा कम मोटाईमा** काट्नुहोस्, र नारिता तोमिसातो इजुमी सेइसो संकलन केन्द्रमा तौल गर्नुहोस्।
※ कृपया सङ्कलन केन्द्रमा रहेका कर्मचारीहरूको निर्देशनहरू पालना गर्नुहोस् र **आफ्नो सामानहरू आफैं अनलोड गर्नुहो**स्।
※नारिता सहरमा बस्ने र फोहोर फाल्ने व्यक्तिले, **आफैलेगाडी चलाएर** फोहोर ल्याउनुपर्छ। यदि तपाईं आफैले वस्तुहरू ल्याउन असमर्थ हुनुहुन्छ भने, कृपया आफ्नो सङ्कलन केन्द्रसँग **अग्रिम परामर्श गर्नुहो**स्।
※यदि तपाइँ शनिबार वा बिदामा वस्तुहरू ल्याउने योजना बनाउनुहुन्छ भने कृपया हामीलाई अघिल्लो दिन थाहा दिनुहोस्।

- **सफा फर्निचर जुन मर्मत गरि बेच्न सकिन्छ**

(स्क्र्याचहरू, दागहरू, वा रंग फिकाभएका फर्नीचरको ठूला र धेरै भएको अवस्था मा),

**☎36-1000**

नारितासि रिसाइकल प्लाजा
रिसेप्शन समय: बिहान 9:00 देखि～ बेलुका5:00 बजे सम्म

सोमबार, राष्ट्रिय बिदाहरू, डिसेम्बर 29 देखि जनवरी 3 बिदा

※फोन मार्फत बस्तु को अवस्था, साइज, नम्बर, आदि चेक गरेपछि सङ्कलन लायक छ कि छैन निर्धारण गरिनेछ।

## सङ्कलन अस्वीकार्य बस्तु हरु

- टिभी, एयर कन्डिसनर, फ्रिज (फ्रिजर),कपडा धुनी मिसिन, कपडा ड्रायर
  घरेलु उपकरण रिसाइकल कानून अनुसार, शहरले तेस्ता बस्तु हरु सङ्कलन गर्न सक्दैन। कृपया तपाईले किन्नु भएको पसललाई वा तपाईले नयाँ किन्ने पसललाई सोध्नुहोस्।
- कम्प्युटर
  प्रभावकारी उपयोगको प्रवर्द्धनको कानून अनुसार सहरले तेस्ता बस्तु संकलन गर्न सक्दैनौं।
  कृपया संकलनको लागि सिधै निर्मातालाई आवेदन दिनुहोस्।
- निर्माण फोहोर (काठ, कंक्रीट फोहर, ब्लक, माटो र बालुवा, छत टाइल्स, जिप्सम बोर्ड, आदि)
  कृपया काम गर्ने ठेकेदार, डिलर, वा समान वस्तुहरू नियन्त्रण गर्ने स्टोरलाई वस्तु सङ्कलन गर्न सोध्नुहोस्।



- खतरनाक सामान
  (ग्यास सिलिन्डर, मट्टितेल, अन्य फोहोर तेल, आगो निभाउने उपकरण, सियो सुई, कीटनाशक, विस्फोटक पदार्थ, थिनर, रंग, आदि)
  कृपया ति या तेस्ता बस्तु हरु बेच्ने पसल, वा विशेषज्ञ संग फोहोर सङ्कलन परामर्स गर्नुहोस।
- पियानो, कृषि मेसिनरी, सवारी साधन (टायर, बम्पर, ब्याट्री, आदि)
  कृपया ति या तेस्ता बस्तु हरु बेच्ने पसल, वा विशेषज्ञ संग फोहोर सङ्कलन परामर्स गर्नुहोस।
- मोटरसाइकल (मोपेड सहित)
  डिस्पोजलको लागि कृपया डिस्पोजल मोटरसाइकल पसल (डीलर)संग सङ्कलन परामर्स गर्नुहोस।

नारिता सिटी द्वारा जारी गरिएको रिसाइकल योग्य र फोहोर सामग्री छुट्याउने र फाल्ने तरीका　सम्पादन/वातावरण सफा प्रवर्द्धन विभाग
〒286-8585 नारितासि हानासाकिचो ७६० बाँचि ☎ 0476-20-1530

यदि क्षेत्र कोड सूचीबद्ध छैन भने, यो 「0476」 हो।